प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
बाँके

# सूचना । सूचना ॥ सूचना ॥।

# कृषि ज्ञान केन्द्र बाँके को सूचना

**प्रथम पटक प्रकाशित मिति २०७५/१२/२५**

यस कार्यालय बाट चालु आ. ब. २०७५/०७६ मा **सहकारी खेती स्किम कार्यक्रम** तथा **सहकारी तथा साना सिंचाइ कार्यक्रम** संचालन गरिने भएको हुदा बाँके तथा बर्दिया जिल्लाका इच्छुक कृषि सहकारीले यसै सूचनामा माग गरिए बमोजिमका सम्पुर्ण आवश्यक कागजात तथा प्रकृया हरु पुरा गरि मिति २०७५/१२/२५ गते देखि मिति २०७६/१/९ गते सम्म कृषि ज्ञान केन्द्र बाँके र सम्पर्क केन्द्र गुलरियामा रित पूर्वकको प्रस्तावना पेश गर्नुहुन सबैमा जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ । कार्यक्रम सम्बन्धि थप जानकारीका लागी कृषि ज्ञान केन्द्र बाँके वा सम्पर्क केन्द्र बर्दियामा सम्पर्क गर्न सकिने छ ।

फोन नं.:०८१-५२०२२५, ५२००२७ ( कृषि ज्ञान केन्द्र बाँके )

फोन नं.:०८४- ४२१२०७ ( सम्पर्क केन्द्र बर्दिया )

सागर ढकाल
प्रमुख (रा.प.द्वि.प्रा)

9/C

## कार्यक्रममा सहभागी हुने मापदण्ड हरु :

## (१) सहकारी तथा साना सिंचाइ कार्यक्रम

- कृषि सहकारीहरुमात्र यस कार्यक्रममा सहभागि हुन सक्नेछन् ।
- सहकारी तथा साना सिंचाइ कार्यक्रमका लागि कम्तिमा ५ विघा क्षेत्रफलमा सिंचाइ बिस्तार गरि खेती गरिएको हुनुपर्नेछ र सो जग्गाको लालपूर्जाको प्रतिलिपि समेत पेश गर्नुपर्ने छ ।
- सहकारीको स्वामित्वमा् जग्गा वा सामुहिक खेति भएमा प्राथमिकता दिईने छ ।
- छनौट भएका सहकारी मार्फत कम्तीमा ३ वाली खेती गर्नुपर्ने छ ।
- कार्यालयले तोकेको प्रस्तावनाको ढाँचा अनुसार कृषि सहकारीले प्रस्ताव पेश गर्नुपर्ने छ ।
- कार्यालयले तोकेको आवश्यक कागजातहरु प्रस्तावनाका साथ संलग्न राखी पेश गर्नुपर्नेछ ।
- सहकारी खेती स्किम र सहकारी तथा साना सिंचाई कार्यविधी २०७५ र कार्यालयको स्विकृत वजेटको सिमाभित्र रही अनुदान रकम उपलव्ध गराईनेछ ।
- अनुदान रकम जम्मा लागतको अधिकतम ८५% वा रु ६ लाख मध्ये जुन कम हुन्छ सोही ।

## आवश्यक पर्ने कागजात हरु :

१, सम्बन्धित स्थानिय तहको सिफारिस पत्र
२, सहकारी दर्ता प्रमाण - पत्र
३, र्सस्थाको बैठकको निर्णय
४, खेती गर्ने जग्गाको बिवरण
५, जिल्ला सहकारी संघको सिफारिस पत्र
६, सम्बन्धित स्थानिय तहको कृषि शाखाको सिफारिस पत्र

## कार्यक्रम संचालन गर्ने स्थान छनौटका आधार हरु :

१, दलित तथा सामाजिक रुपमा बिपन्न एवम पिडिएका जनजाती र महिला कृषक हरुको बाहुल्य रहेको संस्था लाइ बिशेष ध्यान दिइनेछ ।
२, जग्गा सकेसम्म एकै ठाँउमा प्लट मिलेको ( कलष्टर )मा वा एउटै सेरोफेरोमा भएकालाइ बिशेष ग्राहता दिइनेछ ।
३,यस अघि अनुदान नपाएका संस्थालाइ प्राथमिकता दिइनेछ ।
४, लागत अनुसार बढी प्रतिफल प्राप्त हुने जस्ता आयोजना ।
५, प्राविधिक र आर्थिक दृष्टिले संम्भावनायुक्त क्षेत्र ।
६, जन सहभागीताको आधारमा स्थानिय श्रोतको बढी परिचालन गर्न सक्षम सहकारी संस्था लाइ प्राथमिकता दिइनेछ ।
७, प्रतिकुल असर न्यून हुनेखालका आयोजना हरुलाइ प्राथमिकता दिइनेछ ।

प्रमुख (रा.प.द्वि.प्रा)

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
बाँके

## कार्यक्रममा सहभागी हुने मापदण्ड हरु :

## (१) सहकारी खेती स्किम कार्यक्रम

- कृषि सहकारीहरुमात्र यस कार्यक्रममा सहभागि हुन सक्नेछन् ।
- सहकारी स्किमको कार्यक्रमको लागि कम्तिमा ५ विघा क्षेत्रफलमा सहकारी मार्फत खेती गरिएको हुनुपर्नेछ र सो जग्गाको लालपूर्जाको प्रतिलिपि वा भाडामा लिएको कागजात समेत पेश गर्नुपर्ने छ
- सहकारीको स्वामित्वमा् जग्गा भएमा प्राथमिकता दिईने छ, नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा, स्थानिय निकायको स्वामित्व वा नियन्त्रणमा रहेको जग्गा, करारमा लिईने जग्गा, सार्वजनिक रुपमा उपभोग भैरहेको जग्गाहरुमा सामुहिक रुपमा गरिने खेतीका लागी प्रस्ताव पेश गर्न सकिनेछ
- छनौट भएका सहकारी मार्फत कम्तीमा ३ वाली खेती गर्नुपर्ने छ ।
- कार्यालयले तोकेको प्रस्तावनाको ढाँचा अनुसार कृषि सहकारीले प्रस्ताव पेश गर्नुपर्ने छ ।
- कार्यालयले तोकेको आवश्यक कागजातहरु प्रस्तावनाका साथ संलग्न राखी पेश गर्नुपर्नेछ ।
- सहकारी खेती स्किम र सहकारी तथा साना सिंचाई कार्यविधी २०७५ र कार्यालयको स्विकृत वजेटको सिमाभित्र रही अनुदान रकम उपलव्ध गराईनेछ ।
- अनुदान रकम जम्मा लागतको अधिकतम ८५% वा रु ६ लाख मध्ये जुन कम हुन्छ सोही ।

## आवश्यक पर्ने कागजात हरु :

१, सम्बन्धित स्थानिय तहको सिफारिस पत्र
२, सहकारी दर्ता प्रमाण - पत्र
३, र्सस्थाको बैठकको निर्णय
४, खेती गर्ने जग्गाको बिवरण
५, जिल्ला सहकारी संघको सिफारिस पत्र
६, सम्बन्धित स्थानिय तहको कृषि शाखाको सिफारिस पत्र

## कार्यक्रम संचालन गर्ने स्थान छनौटका आधार हरु :

१, दलित तथा सामाजिक रुपमा बिपन्न एवम पिछडिएका जनजाती र महिला कृषक हरुको बाहुल्य रहेको संस्था लाइ बिशेष ध्यान दिइनेछ ।
२, जग्गा सकेसम्म एकै ठाँउमा प्लट मिलेको ( कलष्टर ) मा वा एउटै सेरोफेरोमा भएकालाइ बिशेष ग्राहता दिइनेछ ।
३,यस अघि अनुदान नपाएका संस्थालाइ प्राथमिकता दिइनेछ ।
४, लागत अनुसार बढी प्रतिफल प्राप्त हुने जस्ता आयोजना ।
५, प्राविधिक र आर्थिक दृष्टिले संम्भावनायुक्त क्षेत्र ।
६, जन सहभागीताको आधारमा स्थानिय श्रोतको बढी परिचालन गर्न सक्षम सहकारी संस्था लाइ प्राथमिकता दिइनेछ ।
७, प्रतिकुल असर न्यून हुनेखालका आयोजना हरुलाइ प्राथमिकता दिइनेछ ।

प्रमुख (रा.प.द्वि.प्रा)

प्रदेश सरकार
प्रदेश नम्बर ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र, बांके**

☎ : ०८१-५२००२७
: ०८१-२०२२५
फ्याक्स नं. : ०८१-५२६५४७
टोलफ्रि नं. : १६६-०८१-५२०००
email : akcbanke@gmail.com

प.सं. : २०७५/०७६
च.नं.

उच्च मूल्य जाने तरकारी तथा तरकारीका बेर्ना उत्पादनका लागि नेचुरल्ली भेण्टिलेटेड ग्रीनहाउस निमार्ण तथा संचालन गर्न अनुदान उपलब्ध गराउनका लागि प्रस्ताव आव्हानको सूचना

सूचना । सूचाना ।। सूचना ।।।

**(प्रथम पटक प्रकाशित मिति २०७५/१२/२६)**

यस केन्द्रको आ.ब.२०७५/०७६ को स्विकृत कार्यक्रम अनुसार उच्च मूल्य जाने तरकारी तथा तरकारीका बेर्ना उत्पादनको लागि **नेचुरल्ली भेण्टिलेटेड ग्रिनहाउस** निर्माणको लागि अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा बाँके जिल्लाका इच्छुक कृषक समुह, कृषि सहकारी, कृषि फार्म, निजि कृषि कम्पनीहरुबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकासन भएको मितिले **३० दिन भित्र (२०७५/०१/२५ सम्म)** मा तोकिएको ढाँचामा आवश्यक कागजातहरु एवम् व्यावसायिक प्रस्ताव सहित आवेदन आव्हान गरिएको छ । थप जानकारीका लागि कृषि ज्ञान केन्द्र बाँकेमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

आवेदकसंग संलग्न राख्नुपर्ने कागजातशरु :

१. रु.१० को टिकट टाँसेको अनुसूचि ३ अनुसारको निबेदन ।
२. नेपाली नागरिकताको प्रतिलिपी
३. आवेदक कानुन बमोजिम दर्ता भएका कृषि समुह, कृषि सहकारी वा प्राइभेट फार्म निजि उद्धमी हुनु पर्ने ।
४ आवेदकले कानुन बमोजिम सबै दायित्व पुरा गर्नुपर्ने जस्तैः दर्ता, नबिकरण, कर चुक्ता, स्थायी लेखा नंम्बर तथा लेखा परिक्षण प्रतिबेदनको प्रतिलिपि पेश गर्नुपर्ने छ । कृषक समुहको हकमा दर्ता भई नविकरण भएको हुनुपर्ने छ । (नेचुरल्ली भेण्टिलेटेड ग्रिनहाउस निर्माणको लागि कम्तिमा २ आर्थिक बर्षे पुरा गरेको हुनुपर्ने)
५. नेचुरल्ली भेण्टिलेटेड ग्रिनहाउस निर्माणको आफ्नै स्वामित्वमा प्रस्तावित पुर्वाधार निर्माण गर्नका लागि पर्याप्त जमिन भएको वा लिजमा लिएको भए कम्तीमा १५ बर्षको करारनाम हुनुपर्ने छ । उक्त करारनामा अनुमति प्राप्त गरेका कानुन व्यवसायीले प्रचलित कानुन अनुसार तयार गरेको हुनुपर्ने छ । साथै लिजमा लिएको वा आफ्नो स्वामित्वको जमिनको लालपुर्जाको छायाप्रति अनिबार्य संलग्न राख्नुपर्ने छ ।
६. नेचुरल्ली भेण्टिलेटेड ग्रिनहाउस निर्माणका लागि कार्यबिधि अनुसार न्यूनतम १००८ बर्ग मिटरको क्षेत्रफलमा तयार गर्नु पर्नेछ ।
७. नेचुरल्ली भेण्टिलेटेड ग्रिनहाउस निर्माणका लागि कोटेशन, डिजाइन, लेआउट तथा लागत इस्टिमेट मान्यता प्राप्त प्रबिधिक वा फर्म (आपुर्तिकर्ता) बाट अनिवार्य रुपमा तयार भएको हुनुपर्नेछ ।
८. सँलग्न हुने प्राबिधिकहरुको व्यक्तिगत विवरण र तालिम लिएको प्रमाण पत्रको प्रतिलिपी ।
९. प्रस्तावित जमिनमा सडक, पानी तथा बिजुली रहे नरहेको र प्राबिधिक उपयूक्तता रहे नरहेको खुल्ने व्यहोराको सम्बन्धित स्थानिय कृषि शाखाको सिफारिस पत्र ।
१०. सम्बन्धित स्थानिय तहको (वडा कार्यालय)सिफारिस पत्र ।
११. आबेदकसंग रहेको लगानीका श्रोतहरुको आधार (बैंक मोज्दात वा बैक ग्यारेन्टी पत्र ) ।
१२. आबेदकको प्रवन्ध पत्र वा विनियावलिको छाँयाप्रति ।
१३. अनुसूचि ४ अनुसारको व्यवसायिक योजना र अनुसूचि ५ अनुसारको प्रतिबद्धता पत्र पेश गर्नु पर्ने छ ।

सम्पर्क : कृषि ज्ञान केन्द्र, बाँके फोन नं.०८१–५२०२२५, ५२००२७
सम्पर्क केन्द्र, बर्दिया फोन नं.०८४–४२०१०७, ४२०९४६

२०७५/१२/२६
नि. प्रमुख